प्रदेश सभा नियमावली,२०७४ को नियम १११ बमोजिम

## विधेयकमा संशोधन प्रस्तावको विवरण

विधेयकको नामः कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६

(दर्ताको क्रमानुसार संशोधन प्रस्तावकर्ताको क्रम निर्धारण गरिएको)

| क्र.सं. | मा. सदस्यको नाम |
|---|---|
| १. | मा. पद्मा खड्का, मा. कौशिलावती खत्री र मा. मिनासिंह रखाल |
| २. | मा. दीनबन्धु श्रेष्ठ, मा. झोवा वि.क. |
| ३. | मा. कृष्णा शाह, मा. मिनासिंह रखाल, मा. कौशिलावती खत्री, मा. बदमीक्वारी बोहोरा र मा. पद्मा खड्का |
| ४. | मा. पद्मा खड्का |
| ५. | मा. चन्द्र बहादुर शाही, मा. करविर शाही, मा. धर्मराज रेग्मी र मा. विन्दमान विष्ट |
| ६. | मा. मिनासिंह रखाल, मा. कौशिलावति खत्री, मा. वदमी क्वारी बुढा र मा. पद्मा खड्का |
| ७. | मा. कृष्णा शाह |
| ८. | मा. सीता कुमारी नेपाली |

### दफाक्रमानुसार मिलाइएका संशोधन प्रस्तावहरू

| क्र. सं. | संशोधन कर्ता | विधेयकको | | | | संशोधनको व्यहोरा | कारण |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| १. | क्र.सं. ५ का माननीय सदस्यहरू | आर्थिक टिप्पणी | | | | आर्थिक टिप्पणीमा दायित्व लिने निकाय अर्थ मन्त्रालयले सुनिश्चित गर्नुपर्ने । | आर्थिक दायित्व बढ्ने भएकाले । |
| २. | क्र.सं. ८ का माननीय सदस्यहरू | विभिन्न दफा | विभिन्न उदफा | - | - | विभिन्न दफा र उपदफाहरूमा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी विभिन्न दफा र उपदफाहरू व्यापक अध्ययन गरी आवश्यक मात्र राखिनु पर्ने । | - |
| ३. | क्र.सं. ८ का माननीय | - | - | - | - | पोखरी ताल तलैयाको संरक्षण सम्बन्धी व्यवस्था | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सदस्यहरू | | | | | गरिनु पर्ने । | |
| ४. | क्र.सं. ८ का माननीय सदस्यहरू | - | - | - | - | बोटानिकल पार्कहरू बनाउन सकिने व्यवस्था गरिनु पर्ने । | - |
| ५. | क्र.सं. ६ का माननीय सदस्यहरू | प्रस्ताव नामा | - | - | - | निजी वन र साझेदारी वन, पारिवारिक वन पनि उल्लेख हुनुपर्ने । | - |
| ६. | क्र.सं. ६ का माननीय सदस्यहरू | २ | - | (घ) | - | संरक्षण पछि सम्वर्धन थप्नुपर्ने । | - |
| ७. | क्र.सं. ६ का माननीय सदस्यहरू | २ | - | (छ) | - | "पानीको उत्पत्ति हुने" भन्ने शब्दपछि "सञ्चित" हुने भन्ने शब्द थप्ने । | - |
| ८. | क्र.सं. ६ का माननीय सदस्यहरू | २ | - | (श) | (५) | "तोकिए बमोजिमका अन्य बस्तु" भन्ने शब्द यसै विधेयकमा रहेका सबै हटाउने । | - |
| ९. | क्र.सं. १ का माननीय सदस्यहरू | ३ | (१) र (२) | - | - | यस उपदफामा लेखिएको डिभिजन वन अधिकृतले भन्ने शब्दहरू पश्चात् "सहभागितामूलक रूपमा" भन्ने शब्द थप गर्ने । | - |
| १०. | क्र.सं. ५ का माननीय सदस्यहरू | ११ | (३), (४), (५), (६), (७) र (८) | - | - | मा रहेको तोकिए बमोजिम भन्ने शब्दहरू हटाउने । | प्रचलित कानूनबमोजिम ऐनमा स्पष्ट खुलाउने । |
| ११. | क्र.सं. ५ का माननीय सदस्यहरू | १३ | (१) | - | - | सरोकारवाला व्यक्ति, समूहसँग छलफल गर्नुपर्ने । | कार्ययोजना स्पष्ट एवं पारदर्शि बनाउने । |
| १२. | क्र.सं. ५ का माननीय सदस्यहरू | १४ | (२) | - | - | तोकिए बमोजिम भन्ने शब्द हटाई अधिकारी तोक्ने । | कार्यन्वयन पारदर्शी हुने भएकाले । |
| १३. | क्र.सं. २ का माननीय सदस्यहरू | १६ | (१) | - | - | २३ मा वन पैदावारमा उपभोक्ता समूहले स्वतन्त्ररूपले मुल्य निर्धारण र बिक्रि वितरण गर्न पाउने भन्ने मा स्वतन्त्र शब्द हटाई स्पष्ट कानूनी व्यवस्था लेखिनुपर्ने । | - |
| १४. | क्र.सं. ४ का माननीय सदस्यहरू | १६ | (३) | - | - | यस उपदफामा लेखिएको "डिभिजन वन अधिकृतले" भन्ने शब्दहरू पश्चात् "सहभागितामूलक रूपमा" भन्ने शब्द थप्ने । | संघीय वन ऐन, २०७६ सँग तालमेल मिलाउन आवश्यक भएकोले । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५. | क्र.सं. ७ का माननीय सदस्यहरू | १६ | (२) र (३) मा | - | - | यस उपदफामा लेखिएको डिभिजन वन अधिकृतले भन्ने शब्दहरू पश्चात् सहभागितामूलक रूपमा भन्ने शब्द थप्ने । | संघीय वन ऐन, २०७६ सँग तालमेल मिलाउन आवश्यक भएकोले । |
| १६. | क्र.सं. ५ का माननीय सदस्यहरू | १६ | (३) | - | - | प्रमाणपत्रको ढाँचा अनुसूचीमा राख्ने । | - |
| १७. | क्र.सं. ५ का माननीय सदस्यहरू | १६ | (६) | - | - | कार्ययोजनाको अवधि ५ वर्ष राख्ने । | कार्ययोजनाको समयावधि लामो भएको । |
| १८. | क्र.सं. १ का माननीय सदस्यहरू | १६ | उपदफा (६) पछि नयाँ उपदफा (७) थप गरी उपदफा क्रम मिलाउने | - | - | (७) उपभोक्ता समूहले सामूदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आय आर्जनका लागि गरिबिको रेखामूनिका उपभोक्तालाई सामूदायिक वनको कुनै भाग तोकिए बमोजिम सम्झौता गरि दिन सक्नेछ । | - |
| १९. | क्र.सं. ४ का माननीय सदस्य | १६ | उपदफा (६) पछि नयाँ उपदफा (७) थप गरी उपदफा क्रम मिलाउने | - | - | (७) उपभोक्ता समूहले सामूदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आय आर्जनको लागि गरिबीको रेखामूनिका उपभोक्तालाई सामूदायिक वनको कुनै भाग तोकिएबमोजिम सम्झौता गरी दिन सक्नेछ । | सामुदायिक वनलाई विपन्नमुखी बनाउन आवश्यक भएकोले । |
| २०. | क्र.सं. ७ का माननीय सदस्यहरू | १६ | उपदफा (६) पछि नयाँ उपदफा (७) थप गरी उपदफा क्रम मिलाउने | - | - | (७) उपभोक्ता समूहले सामूदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आय आर्जनका लागि गरिबिको रेखामूनिका उपभोक्तालाई सामूदायिक वनको कुनै भाग तोकिए बमोजिम सम्झौता गरि दिन सक्नेछ । | - |
| २१. | क्र.सं. १ का माननीय सदस्यहरू | १८ | (४) | - | - | सामूदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालनबाट प्राप्त शुल्कको दश प्रतिशत तोकिएकोमा ५% गर्नु पर्ने । | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२. | क्र.सं. ४ का माननीय सदस्यहरू | १८ | (४) | - | - | यो उपदफा हटाउने । | समूदायले गर्ने पर्यापर्यटनमा कर लगाउनु न्यायोचित नहुने भएकोले । |
| २३. | क्र.सं. ७ का माननीय सदस्यहरू | १८ | (४) | - | - | यो उपदफा हटाउने वा शुल्क एकदम कम गर्ने | समूदायले गर्ने पर्यापर्यटनमा कर लगाउनु न्यायोचित नहुने भएकाले । |
| २४. | क्र.सं. ६ का माननीय सदस्यहरू | १९ | (१) | - | - | उपभोक्तालाई लिखित सफाई दिने भनि लेखिनु पर्ने । | - |
| २५. | क्र.सं. ५ का माननीय सदस्यहरू | १९ | - | - | - | तोकिए बमोजिम भन्ने शब्दपछि वातावरण प्रतिकूलको असरको मापदण्ड निर्धारण गर्ने । | तजवीजी अधिकार भएकाले । |
| २६. | क्र.सं. ४ का माननीय सदस्यहरू | २१ | (२) | - | - | यो उपदफा हटाउने । | वन संरक्षण गर्ने स्थानीय समुदायमा कर लगाउनु न्यायोचित नहुने भएकोले । |
| २७. | क्र.सं. ५ का माननीय सदस्यहरू | २१ | (२) | - | - | २०% रकम सञ्चित कोषमा जम्मा गर्नुपर्ने । | सञ्चित कोष बढाउनलाई । |
| २८. | क्र.सं. ७ का माननीय सदस्यहरू | २१ | (२) | - | - | यो उपदफा हटाउने वा शुल्क घटाउने । | किनकी वन संरक्षण गर्ने स्थानीय समुदायमा कर लगाउनु न्यायोचित नहुने भएकाले । |
| २९. | क्र.सं. ८ का माननीय सदस्यहरू | २२ | | - | - | समानुपातिक समावेशी सिद्दान्त बमोजिम गराउनु पर्ने । | - |
| ३०. | क्र.सं. ५ का माननीय सदस्यहरू | २२ | (१) | - | - | तोकिएबमोजिम भन्ने शब्दको ठाउँमा अनुसूचीमा उल्लेख गर्ने । | सेवाग्राहीलाई सुविधा दिन । |
| ३१. | क्र.सं. ६ का माननीय सदस्यहरू | २२ | (१) | - | - | उपभोक्ता गठन समानुपातिक समावेशिका आधारमा हुनुपर्ने । | - |
| ३२. | क्र.सं. ५ का माननीय सदस्यहरू | २३ | (१) | - | - | अनुसूचीमा राख्ने । | - |
| ३३. | क्र.सं. २ का माननीय सदस्यहरू | २४ | (३) | - | - | उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति उपयोग बेचबिखन गर्न पाउने भन्ने भएकोमा अचल सम्पत्ति बेचबिखन हटाई उपयोग गर्न पाउने छन भनि हुनुपर्ने । | - |
| ३४. | क्र.सं. ६ का माननीय | २४ | (४) | - | - | लाग्न सक्नेछ भन्ने शब्दको ठाउँमा लाग्नेछ भनि | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सदस्यहरू | | | | | लेख्ने। | |
| ३५. | क्र.सं. ५ का माननीय सदस्यहरू | २४ | (५) | - | - | लेखापरीक्षण सँगै सार्वजनिक परीक्षण (Public Audit) थप्ने । | समूहका सदस्यहरूलाई थप स्पष्ट पार्न । |
| ३६. | क्र.सं. ६ का माननीय सदस्यहरू | २५ | (१) | (छ) | - | अन्य कुनै स्रोतबाट हटाउने स्रोत स्पष्ट खुलाउने । | - |
| ३७. | क्र.सं. ६ का माननीय सदस्यहरू | २५ | (३) | - | - | हिनामिना गर्नु हुदैनको सट्टा हिनामिना गर्न पाइने छैन राख्ने । | - |
| ३८. | क्र.सं. ५ का माननीय सदस्यहरू | २५ | (५) | - | - | उपभोक्ता समूहको हिकतमा खर्च भन्ने शब्दको पछाडि पूर्वाधार निर्माण थप्ने । | - |
| ३९. | क्र.सं. ६ का माननीय सदस्यहरू | २६ | (२) | (१) | - | आवश्यक सुझाव दिन सक्नेछन् भन्ने शब्दको सट्टा दिनुपर्ने छैन राख्ने । | - |
| ४०. | क्र.सं. ६ का माननीय सदस्यहरू | २७ | (१) को स्पष्टिकरणमा | - | - | अंग्रेजी शब्द हटाउने र नेपाली शब्द राख्ने । | - |
| ४१. | क्र.सं. ६ का माननीय सदस्यहरू | २८ | (२) | - | - | दिन सक्ने छ भन्ने शब्दको सट्टा दिनु पर्नेछ राख्ने। | - |
| ४२. | क्र.सं. ६ का माननीय सदस्यहरू | २९ | - | - | - | २० दिन हुनुपर्ने र तोकिएको सट्टा दस्तुर तोक्नुपर्ने । | - |
| ४३. | क्र.सं. ६ का माननीय सदस्यहरू | ३० | - | - | - | "वातावरणमा" र "प्रतिकूल" बीचको "उल्लेखनीय" भन्ने शब्द हटाउने । | - |
| ४४. | क्र.सं. ६ का माननीय सदस्यहरू | ३० | (२) | - | - | समय तोक्ने कम्तिमा १५ दिन भित्र भनेर। | - |
| ४५. | क्र.सं. ५ का माननीय सदस्यहरू | ३१ | (१), (२), (३), (४) र (५) | - | - | दफा २८ मा समाविष्ट गर्ने। | विषय मिलान गरिएको। |
| ४६. | क्र.सं. ५ का माननीय सदस्यहरू | ३२ | - | - | - | दफा ३२ हटाउने । | - |
| ४७. | क्र.सं. ६ का माननीय | ३२ | - | - | | "वातावरणमा" र "प्रतिकूल प्रभाव" बीचको | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सदस्यहरू | | | | | "उल्लेखनीय" भन्ने शब्द हटाउने । | |
| ४८. | क्र.सं. ६ का माननीय सदस्यहरू | ३५ | २ | - | - | "वातावरणमा" र "प्रतिकूल" बीचको "उल्लेखनीय" भन्ने शब्द हटाउने । | - |
| ४९. | क्र.सं. ६ का माननीय सदस्यहरू | ३९ | १ | - | - | विरुवा र उत्पादनको बीच बहुउपयोगी थप्ने । | - |
| ५०. | क्र.सं. ८ का माननीय सदस्यहरू | ३९ | २ | - | - | उत्पादनमूलक बहुउपयोगि बोट वृक्षारोपण गर्ने उल्लेख गर्नुपर्ने । | - |
| ५१. | क्र.सं. ५ का माननीय सदस्यहरू | ३९ | ३ | - | - | रैथाने पछि फलफूल एवं नगदे प्रजातीका शब्दहरू थप्ने । | स्थानीय लाभग्राहीको सुविधालाई ध्यान दिइएको । |
| ५२. | क्र.सं. ५ का माननीय सदस्यहरू | ३९ | ४ | - | - | वन पछाडि पर्व महोत्सव उत्सव शब्द हटाउने । | भाषा नमिलेकाले । |
| ५३. | क्र.सं. ६ का माननीय सदस्यहरू | ३९ | ५ | - | - | अंग्रेजी शब्द हटाउने । | - |
| ५४. | क्र.सं. ६ का माननीय सदस्यहरू | ४२ | १ र ४ | - | - | उपदफा (१) र (४) लाई वाक्य संस्लेषण गरी मिलाएर एकै बनाउने । | - |
| ५५. | क्र.सं. ५ का माननीय सदस्यहरू | ४२ | २ | | | दुर्घटना विमा सम्बन्धी व्यवस्था थप्ने । | कामदारको सुरक्षाको ग्यारेन्टी हुने भएकाले । |
| ५६. | क्र.सं. ६ का माननीय सदस्यहरू | ४३ | (१) | (घ) | - | विश्लेषणको सट्टा मापन गरी राख्ने । | - |
| ५७. | क्र.सं. ६ का माननीय सदस्यहरू | ४३ | (१) | (छ) | - | तोकिएका अन्यको सट्टा जिम्मेवारी तोकिनु पर्ने । | - |
| ५८. | क्र.सं. ५ का माननीय सदस्यहरू | ४३ | (२) | (१) | - | तोकिएबमोजिम भन्ने शब्दको ठाउँमा गठनसम्बन्धी व्यवस्था ऐनमा नै तोक्ने । | मापदण्ड बनाई स्पष्ट बनाउने । |
| ५९. | क्र.सं. ५ का माननीय सदस्यहरू | ४५ | (१) | - | - | अध्ययनको मोडालिटी स्पष्ट गर्ने । | ऐनको पारदर्शिता कायम गर्न । |
| ६०. | क्र.सं. १ का माननीय सदस्यहरू | ४५ | (४) पछि नयाँ उपदफा (५) थप | - | - | यस परिच्छेद बमोजिम जडिबुटि तथा गैरकाष्ठ वन पैदावरको दिगो व्यवस्थापनका कार्यहरू गर्दा सामूदायिक वन उपभोक्ता समूहमार्फत् सञ्चालन गर्न | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | गरी उपदफा क्रम मिलाउने | | | प्राथमिकता दिनुपर्नेछ । | |
| ६१. | क्र.सं. ३ का माननीय सदस्यहरू | ४५ | उपदफा (४) पछि नयाँ उपदफा (५) थप गरी उपदफा क्रम मिलाउने | - | - | (५) यस परिच्छेद बमोजिम जडिबुटि तथा गैरकाष्ठ वन पैदावरको दिगो व्यवस्थापनका कार्यहरू गर्दा सामूदायिक वन उपभोक्ता समूह मार्फत् सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ । | - |
| ६२. | क्र.सं. ४ का माननीय सदस्य | ४५ | उपदफा (४) पछि नयाँ उपदफा (५) थप गरी उपदफा क्रम मिलाउने | - | - | (५) यस परिच्छेद बमोजिम जडिबुटि तथा गैरकाष्ठ वन पैदावरको दिगो व्यवस्थापनका कार्यहरू गर्दा सामूदायिक वन उपभोक्ता समूह मार्फत् सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ । | जडिबुटि तथा गैरकाष्ठ वन पैदावरको दिगो व्यवस्थापनका कार्यहरू सामूदायिक वन मार्फत प्रभावकारी हुने भएकोले । । |
| ६३. | क्र.सं. ६ का माननीय सदस्यहरू | ४८ | (६) | - | - | अन्य तोकिएका कार्यहरूको सट्टा कार्य तोक्ने | - |
| ६४. | क्र.सं. १ का माननीय सदस्यहरू | ४८ | उपदफा (७) पछि नयाँ उपदफा (८) थप गरी उपदफा क्रम मिलाउने | - | - | (८) सामूदायिक वन क्षेत्र भित्र भएको जलाधार क्षेत्रहरू सम्बन्धित उपभोक्ता समूहले आफ्नो स्वीकृत कार्ययोजना बमोजिम व्यवस्थापन गर्नुपर्नेछ । | -- |
| ६५. | क्र.सं. ४ का माननीय सदस्य | ४८ | उपदफा (७) पछि नयाँ उपदफा (८) थप गरी उपदफा क्रम | - | - | (८) सामूदायिक वन क्षेत्रमा रहेका जलाधार क्षेत्रहरू सम्बन्धित उपभोक्ता समूहले आफ्नो स्वीकृत कार्ययोजना बमोजिम व्यवस्थापन गर्नुपर्नेछ । | सामुदायिक वनलाई जलाधारमैत्री बनाउन आवश्यक भएकोले । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | मिलाउने | | | | |
| ६६. | क्र.सं. ३ का माननीय सदस्यहरू | ४८ | उपदफा (७) पछि नयाँ उपदफा (८) थप गरी उपदफा क्रम मिलाउने | - | - | (८) सामूदायिक वन क्षेत्रमा भएको जलाधार क्षेत्रहरू सम्बन्धित उपभोक्ता समूहले आफ्नो स्वीकृत कार्ययोजना बमोजिम व्यवस्था गर्नुपर्नेछ । | - |
| ६७. | क्र.सं. ५ का माननीय सदस्यहरू | ४९ | (१) | - | - | निर्देशनालय भन्ने ठाउँमा डिभिजन वन कार्यालयले भन्ने शब्दहरू थप्ने | कार्यक्षेत्र ठूलो हुने भएकाले |
| ६८. | क्र.सं. ६ का माननीय सदस्यहरू | ४९ | (१) र (२) लाई | - | - | उपदफा (१) र (२) लाई शब्द मिलाएर संस्लेषण गरी एउटै बनाउनु पर्ने | - |
| ६९. | क्र.सं. ५ का माननीय सदस्यहरू | ५० | (२) | - | - | राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्त्वका सिमसारहरूको रूपमा वर्गिकरण भन्ने वाक्यांस हटाई प्रदेशस्तर मात्र लेख्ने | कार्यक्षेत्र स्पष्ट पारिएको |
| ७०. | क्र.सं. १ का माननीय सदस्यहरू | ५० | उपदफा (६) पछि नयाँ उपदफा (७) थप गरी उपदफा क्रम मिलाउने | - | - | (७) सामूदायिक वन क्षेत्रमा रहेकका सिमसार क्षेत्रहरू सम्बन्धित उपभोक्ता समूहले आफ्नो स्वीकृत कार्ययोजना बमोजिम व्यवस्थापन गर्नु पर्नेछ । | - |
| ७१. | क्र.सं. ३ का माननीय सदस्यहरू | ५० | उपदफा (६) पछि नयाँ उपदफा (७) थप गरी उपदफा क्रम मिलाउने | - | - | (७) सामूदायिक वन क्षेत्रमा रहेका सिमसार क्षेत्रहरू सम्बन्धित उपभोक्ता समूहले आफ्नो स्वीकृत कार्ययोजना बमोजिम व्यवस्थापन गर्नुपर्नेछ । | - |
| ७२. | क्र.सं. ४ का माननीय सदस्यहरू | ५० | उपदफा (६) पछि नयाँ | - | - | (७) सामूदायिक वन क्षेत्रमा रहेका सिमसार क्षेत्रहरू सम्बन्धित उपभोक्ता समूहले आफ्नो | समूहले नै व्यवस्थापन गर्दै आएकोले । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | उपदफा (७) थप गरी उपदफा क्रम मिलाउने | | | स्वीकृत कार्ययोजना बमोजिम व्यवस्थापन गर्नुपर्नेछ । | |
| ७३. | क्र.सं. ५ का माननीय सदस्यहरू | ५१ | (४) | - | - | तोकिएका निकाय वा पदाधिकारी भन्ने शब्द हटाई पदाधिकारी र निकाय तोक्ने | कार्यान्वयन गर्ने निकाय स्पष्ट पारिएको |
| ७४. | क्र.सं. २ का माननीय सदस्यहरू | ५३ | (१) | - | - | कृषकले हानीकारक वन्यजन्तु, पशुपन्छि लखेट्न, हटाउन, प्रक्रन सक्नेछ भन्ने शब्द मा पक्रेपछि के गर्ने स्पष्ट नभएकोले स्पष्ट गरी पक्रेपछि सम्बन्धित क्षेत्रलाई सुम्पन्न (हस्तान्तरण) गर्नुपर्ने व्यवस्था राखिनुपर्ने । | - |
| ७५. | क्र.सं. ५ का माननीय सदस्यहरू | ५५ | (१) | - | - | कोटा निर्धारणपछि क्षेत्र निर्धारण गर्ने | - |
| ७६. | क्र.सं. ५ का माननीय सदस्यहरू | ६० | (२) | (क) | | वडा अध्यक्ष शब्द हटाई प्रमुख/उपप्रमुख मात्र लेख्ने | कार्यक्षेत्र बाझिने भएकाले |
| ७७. | क्र.सं. १ का माननीय सदस्यहरू | ६२ | उपदफा (५) पछि नयाँ उपदफा (६) थप गरी उपदफा क्रम मिलाउने | - | - | (६) संरक्षित भूपरिधि क्षेत्र घोषणा भएका कारणले उक्त क्षेत्रमा सामूदायिक वन उपभोक्ता समूहको प्रचलित कानून बमोजिमको हक अधिकारमा प्रतिकूल असर परेको मानिने छैन । | - |
| ७८. | क्र.सं. ३ का माननीय सदस्यहरू | ६२ | उपदफा (५) पछि नयाँ उपदफा (६) थप गरी उपदफा क्रम मिलाउने | - | - | (६) संरक्षित भुपरिधि क्षेत्र घोषणा भएका कारणले उक्त क्षेत्रमा सामूदायिक वन उपभोक्त समूहको प्रचलित कानून बमोजिम हक अधिकारमा प्रतिकूल असर परेको मानिने छैन । | - |
| ७९. | क्र.सं. ४ का माननीय | ६२ | उपदफा (५) | - | - | (६) संरक्षित भुपरिधि क्षेत्र घोषणा भएका कारणले | संरक्षित भुपरिधि क्षेत्रमा पर्ने सामुदायिक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सदस्यहरू | | पछि नयाँ उपदफा (६) थप गरी उपदफा क्रम मिलाउने | | | उक्त क्षेत्रमा सामुदायिक वन उपभोक्त समूहको प्रचलित कानून बमोजिमको हक अधिकारमा प्रतिकूल असर परेको मानिने छैन । | वनलाई निरन्तर रूपमा व्यवस्थापन गर्न आवश्यक भएकोले । |
| ८०. | क्र.सं. ६ का माननीय सदस्यहरू | ६६ | (१) र (२) लाई | - | - | उपदफा (१) र (२) लाई शब्द मिलाएर संस्लेषण गरी एउटै बनाउनु पर्ने | - |
| ८१. | क्र.सं. ६ का माननीय सदस्यहरू | ६८ | (१) र (२) लाई | - | - | उपदफा (१) र (२) लाई शब्द मिलाएर संस्लेषण गरी एउटै बनाउनु पर्ने | - |
| ८२. | क्र.सं. ५ का माननीय सदस्यहरू | ७२ | (४) | - | - | तोकिए बमोजिम भन्ने शब्द हटाई प्रचलित कानूनी प्रक्रिया पुरा गरी भन्ने शब्दहरू थप्ने | - |
| ८३. | क्र.सं. ५ का माननीय सदस्यहरू | ७३ | (३) | - | - | दण्ड सजाय संघीय वन ऐनमा व्यवस्था गरिएकोले | कार्यक्षेत्र(क्षेत्राधिकार) बाझिने |
| ८४. | क्र.सं. ५ का माननीय सदस्यहरू | ७६ | - | - | - | तोकिए बमोजिम भन्ने शब्द हटाई ऐनमै दुरी किटान गर्ने | - |
| ८५. | क्र.सं. ६ का माननीय सदस्यहरू | ७६ | - | - | - | दुरी तोक्नु पर्ने | - |
| ८६. | क्र.सं. १ का माननीय सदस्यहरू | दफा ८७ पछि नयाँ दफा ८८ थप गरि दफा क्रमसंख्या मिलाउ | - | - | - | ८८. लोपोन्मूख जातिको पेशागत संरक्षणको लागि वन जङ्गलको प्रयोग : लापोन्मूख जाति(राउटे बादी आदि) को पेशागत हित संरक्षणको लागि निजहरूले बनाउने रैथाने भाडाकुँडा मादल आदि वाद्य सामाग्री बनाउने निश्चित प्रकारका काठपातहरू प्रयोग गर्न पाउने गरी तोकिए बमोजिम हुने व्यवस्था गर्ने । | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नु पर्ने | | | | | |

क्र. सं. १ देखि ८६ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत ।

..................................................

(राजबहादुर शाही)

सभामुख,

प्रदेश सभा, कर्णाली प्रदेश